इरानको अडान यथावत रहेमा प्रतिबन्ध पुनः लागू गर्न समर्थन दिन इयू तयार

पेरिस (रासस/एएफपी) । बेलायत, फ्रान्स र जर्मनीले इरानको आणविक कार्यक्रमलाई लिएर अगष्टको अन्त्यसम्ममा कुनै कूटनीतिक समाधान ननिस्केमा संयुक्त राष्ट्रसङ्घले तोकेको प्रतिबन्धलाई पुनः लागू गर्न तयार रहेको बताएका छन् ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेस र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्लाई लेखेको पत्रमा भनिएको छ, "तेहरानले समयसीमा पूरा नगरेसम्म इरानले आणविक हतियार विकास गर्न नपाओस् भन्ने सुनिश्चित गर्न तीनै युरोपेली शक्ति हरू हामीसँग भएका सबै कूटनीतिक उपकरणहरू प्रयोग गर्न प्रतिबद्ध छन्।

इ-थ्री समूहका विदेशमन्त्रीहरूले इरानसँग सन् २०१५ मा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रतिबन्धलाई खुकुलो बनाउने 'स्न्यापब्याक मेकानिजम' लाई पुनः प्रयोग गर्ने चेतावनी दिएका छन् । अक्टोबरमा समाप्त हुने सम्झौताअन्तर्गत सम्झौताको कुनै पनि पक्षले प्रतिबन्धहरू पुनर्स्थापित गर्न सक्दछन्। तीनै मुलुकले इरानले संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी संस्था अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकायसँगको सहयोग स्थगन गर्ने चेतावनी दिएका छन् । इजरायलले गत जुनमा इरानसँग १२ दिने युद्ध सुरु गरेपछि इरानको आणविक क्षमता लाई ध्वस्त पार्ने प्रयास गरिएको थियो । युद्धको समयमा संयुक्त राज्य अमेरिकाले पनि इरानी आणविक केन्द्रलाई लक्षित गरी हवाई आक्रमण गरेको थियो।

फ्रान्सका विदेशमन्त्री ज्याँ नोएल बेरोट, बेलायतका डेभिड लामी र जर्मनीका जोहान वाडेफुलले पत्रमा भनेका छन्, "हामीले स्पष्ट पारेका छौँ, यदि इरान सन् २०२५ को अगष्टको अन्त्यअघि कूटनीतिक समाधानमा पुग्न इच्छुक छैन वा म्याद थपको अवसरको फाइदा उठाउँदैन भने इ-थ्री 'स्न्यापब्याक मेकानिजम'लाई गति दिन तयार छ। सन् २०१५ मा संयुक्त राज्य अमेरिका, चीन र रुससँग भएको संयुक्त बृहत कार्ययोजनामा तीनै देशले हस्ताक्षर गरेका थिए, जसले इरानलाई आणविक हतियारका लागि आवश्यक युरेनियमको संवर्द्धनलाई सुस्त बनाउन दुई परस्पर भिन्न सम्झौताको प्रस्ताव गरेको थियो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पहिलो कार्यकाल सन् २०१८ मा आफ्नो उक्त सम्झौताबाट अमेरिका बाहिरिएको र नयाँ प्रतिबन्ध लागु गरिएको घोषणा गरेका थिए ।

युरोपेली मुलुकहरूले सम्झौतामा अडिग रहने बताएका छन् । सन् २०१५ को सम्झौताअनुसार अनुमति प्राप्त स्तरभन्दा ४० गुणा बढी युरेनियमको भण्डार निर्माण गर्नेलगायत इरानले उल्लङ्घन गरेको मन्त्रीहरूको भनाइ छ ।

संलग्नता पुष्टि नभएको...

सहकारीको रकम तिर्ने भन्दै विदेशमै रहेका बेला ३ करोड ४४ लाख ७४ हजार ३२० रुपैयाँ ठगी गरेका थिए । यो ठगीको रकम पनि बिगो मागदाबी गर्नुपर्ने सुझाव सीआईबीको छ ।

ज्योति गुरुङले भनेअनुसार आफूले सहकारीलाई तिर्नुपर्ने सावाँ-ब्याजसहितको रकम १४ करोड ८१ लाख रुपैयाँ तिर्ने बताएका भण्डारीले केही दिनमै रकम हालेको भन्ने विश्वाससहितका कागजात संस्थाका पदाधिकारीलाई पठाएका थिए ।

मितेरी सहकारीका सचिव कृष्णबहादुर रानाको ग्लोबल आईएमई बैंकको इन्द्रचोकस्थित शाखामा ३३ करोड ११ लाख रुपैयाँ पार्सल गरी पठाएको छु भन्दै उनले ह्वाट्स एपमार्फत संस्थाका पदाधिकारीलाई बताएका थिए । त्यसका लागि टोकनको फोटो समेत पठाएर विश्वास दिलाउने काम गरेको पाइएको प्रहरी अनुसन्धानबाट खुलेको छ। तिर्नुपर्ने १४ करोड ८१ लाख रुपैयाँभन्दा बढी रकम पठाएको र रकम बुझ्नका लागि ट्याक्ससमेत तिर्नुपर्ने भन्दै पटकपटक उल्टै रकम हाल्न लगाएर ठगी गरेका थिए ।

४ असारको राति कम्बोडियाबाट काठमाडौं ल्याइएका ज्योतिबहादुर भण्डारीमाथि अनुसन्धान गर्दा उनको समूहले ठूलो रकमको हुन्डी कारोबार गरेको भेटिएको प्रहरीले बताएको छ। उनको समूहले ६ अर्ब ७४ करोड ३२ रुपैयाँ भन्दा बढीको हुन्डी कारोबार गरेको भेटिएको एसएसपी बोगटीले बताए । त्यसैगरी ठूलो मात्रामा अभौतिक मुद्रा क्रिप्टोको कारोबार गरेको भेटिएको छ।

जसकारण ठगीका साथै हुन्डी र अभौतिक मुद्रा अन्तर्गतको कसुरमा पनि मुद्दा चलाउन सिफारिस गरिएको छ। सहकारीको ठगी गरेको रकम भण्डारीले सुवास खत्रीमार्फत हुन्डी र क्रिप्टोमा लगानी गरेर विदेश लगेको बताइएको छ। सीआईबीले ज्योति भण्डारीमाथि धेरै वटा मुद्दा चलाउन सिफारिस गरेको छ। ठगीसँगै, संगठित अपराध, हुन्डी, आभौतिक मुद्रा, कीर्ते, र संगठित अपराधको मुद्दा चलाउन सिफारिस गरिएको छ । यी सबै मुद्दा ललितपुरबाटै चल्ने बताइएको छ । ठगीका मुख्य व्यक्ति ज्योतिबहादुरको दुई फरक-फरक नागरिकता र पासपोट भएकाले उनीमाथि लिखतसम्बन्धी कसुरमा मुद्दा चलाउन सिफारिस गरिएको छ।

धरौटीमा छुट्ने...

म त्यो बेला त्यहाँ पनि छैन खै कसरी नाम आयो मलाई थाहा भएन', उनले बयानमा भनेका छन् । २०८१ भदौ १० गते साँझ साढे ६ बजेतिर भक्तपुरको मध्यपुर ठिमी नगरपालिका २ सानोठिमीस्थित दिव्यश्वरीमा रहेको बड्डाको तावा रेस्टुरेन्टमा सर्लाहीका मनीष रायमाझीमाथि कुटपिट भएको भन्दै उनका काका दिनेशकुमार रायमाझीले जाहेरी दिएका थिए ।

आफ्नो ज्यान मार्ने उदेश्यले खुकुरीले दुवै कोखामा प्रहारी गरी घाइते बनाएको भन्दै रायमाझीले त्यतिबेलै जाहेरी दिएका थिए। अजित खवाससमेतका २०-२२ जनाको समूहले आफूमाथि आक्रमण गरेको र त्यसको योजनाकार चक्रे मिलन रहेको पीडितको दावी थियो। आक्रमणपछि घाइतेको भिडिओ समेत बनाएर उनीहरू फरार भएका थिए । त्यतिबेला प्रहरीले अजित खवासलाई पक्राउ गरेर मुद्दा चलाएको थियो। तर चक्रे मिलनको भने पूरा ठेगाना नखुलेकाले उनलाई खुलेका बखत प्रतिवादी बनाउने गरी मुद्दा अगाडि बढाइएको थियो । केही दिन पहिले उनलाई काठमाडौँमा आतंक मच्चाएको आरोपमा काठमाडौँ उपत्यका प्रहरी कार्यालय र काठमाडौँ प्रहरी परिसरको टोलीले ठमेलमा जन्मदिन मनाउँदै गर्दा होटलबाट पक्राउ गरेको थियो ।

साउन १५ गते राति चक्रे मिलनसहित ४७ जनालाई प्रहरीले पक्राउ गरेको थियो । तर तीमध्ये २८ जनालाई संलग्नता नरहेको भन्दै रिहा गरिएको थियो। १९ जनालाई भने अभद्र व्यवहारको कसुरमा मुद्दा चलाइएको थियो। पीडित रायमाझीले चक्रे मिलनविरुद्ध (शारीरिक अवस्थामाथि होच्याउँदै) सामाजिक सञ्जालमा स्टाटस लेखेको र सोही विषयमा आक्रमण भएको बयान दिएका थिए। यस्तो स्टाटसपछि चक्रे मिलनले उनलाई धम्क्याएका थिए। घटनाको १०-१५ दिन पहिले बाँकेको नेपालगञ्जमा केही व्यक्तिहरूलाई चक्रे मिलनको समूहले कुटपिट गरेको थियो । त्यस विषयमा रायमाझीले चक्रे मिलनलाई इंगित गर्दै स्टाटस लेखेका थिए । तर चक्रे मिलनको समूहले धम्क्याएपछि भोलिपल्ट उनले त्यो स्टाटस पनि डिलिट गरेका थिए ।

घटनाको दिन उनलाई आक्रमण गर्दा 'चक्रे मिलन दाइ'को बारेमा के लेखेको भन्दै कुटपिट गरेको पीडितको बयान छ। अजित खवासमाथि भने रायमाझीको बारेमा चक्रे मिलनको समूहलाई जानकारी दिएको र आक्रमण भएको आरोप छ । यसअघि नै प्रतिवादी बनाइएका खवासले भने पीडितलाई अस्पताल पनि लगेका थिए । कुटपिटमा संलग्नहरू भने त्यतिबेलै फरार भएका थिए। मनीषले भने प्रहरीले कागज गराउँदा आफ्नो स्वास्थ्य अवस्था पनि खतरामुक्त रहेको र भएको क्षति पनि प्रतिवादीका आफन्तले दिइसकेकाले कुनै दाबी नगर्ने बयान दिएका थिए। प्रहरीले अहिले पनि घटनाको सनाखत गराउन जाहेरवाला र पीडितको खोजी गरिरहेको छ। तर उनीहरू अहिले प्रहरीको सम्पर्कमा आउन चाहेका छैनन् । ज्यान मार्ने उद्योगमा चक्रे मिलनविरुद्ध १० वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवानाको माग गरिएको छ ।

देशभर कति छन्....

नेपालमा कुल विदेशी बन्दीहरूको संख्या १ हजार ४ सय २७ रहेको गृहमन्त्री लेखकले बताए। यो संख्या नेपालमा रहेका २८ हजार ७ सय १८ जना बन्दी कैदीहरूमध्ये हो ।

नेपालमा मुद्दाको हिसाबले हेर्दा जबरजस्तीकरणतर्फ २५.५४ प्रतिशत, लागुऔषधतर्फ २४.३७ प्रतिशत, कर्तव्य ज्यान मुद्दाको १६.१२ प्रतिशत, सवारी ज्यान तथा सवारी अंगभंगको ४.१६ प्रतिशत, चोरीको ३.८२ प्रतिशत मुद्दाका कैदीबन्दीहरू रहेका छन् । कारागारको कुल क्षमता पुरुषतर्फ देशभरमा ७५ वटा कारागारको कुल क्षमता १६ हजार ६ सय २५ रहेको गृहमन्त्री लेखकले बताए । जम्मा क्षमता १६ हजार ६ सय २५ रहेकोमा पुरुष बन्दीतर्फ २७ हजार १ सय ६८ जना रहेका छन्। देशभरमा रहेका कारागारको कुल क्षमता भन्दा बन्दीको संख्या ६७ प्रतिशत बढी रहेको बताए । महिलातर्फ देशभर सञ्चालनमा रहेका ५० वटा कारागारको क्षमता २ हजार ५ सय १ रहेको छ भने महिला बन्दीको संख्या १ हजार ५ सय ५० जना रहेको छ। धनगढी कारागारमा पनि क्षमता करिब २ सय भएकोमा ७ सय जना बन्दीहरू रहेको गृहमन्त्री लेखकले बताए।

आ.व. २०८०–०८१ मा थप गरिएको क्षमता १ हजार १ सय ६० जना रहेको छ। सर्लाही कारागारमा १ सय ६०, नौबस्ता कारागारमा १ हजार जना थप गरिएको बताए। आव. ०८१–०८२ मा थप गरिएको क्षमता १ हजार ६ सय ३८ जना रहेको छ। नुवाकोट कारागारमा १ हजार ३ सय ७० जना, मोरङ कारागारमा २ सय ६८ जना थप गरिएको बताए। पछिल्लो समय नौबस्ता र नुवाकोटमा अलि ठूलो संख्यामा नौबस्तामा १ हजार र नुवाकोटमा १ हजार ३ सय ७० जनालाई थप गरिएको बताए । थप गरिएको संख्या न्युन रहेको बताए । मुगु कारागारमा महिलातर्फ १६ जनाको क्षमताकासाथ निर्माण भइरहेको र बझाङ कारागारमा पुरुषतर्फ ७५ जना क्षमताका लागि निर्माण भइरहेको बताए ।

हुम्लामा पुरुषमा ३० जना र महिलामा २० जना गरी ५० जनाका लागि निर्माण भइरहेको बताए। पाँचथरमा पुरुषमा १ सय ४२ र महिलामा ५० जना गरी जम्मा १ सय ९२ जनाका लागि निर्माण भइरहेको बताए। सुर्खेतमा कार्यालय तथा सुरक्षा गार्ड भवन बनाउने काम भइरहेको बताए। नुवाकोट कारागार निर्माणको तेस्रो चरणमा प्रवेश गरेको बताए। कैलाली, कञ्चनपुर, रसुवामा कारागारको क्षमता थप गर्नेगरी अघि बढ्ने बताए। रोल्पा, उदयपुर, भोजपुरमा पनि कारागारको क्षमता थप हुने बताए। रुकुमपश्चिमको कारागारमा क्षमता भन्दा सात गुणा बढी कैदीबन्दीहरू राखिएको छ। सल्यान ताप्लेजुङ, ओखलढुङ्गा र उदयपुरमा ६ गुणा बढी छन् भने सुर्खेत, बैतडी, कैलाली र गुल्मीमा पाँच गुणा बढी कैदीबन्दी रहेका छन् । धनकुटा, घोराही, दाङ, रोल्पा, गोरखा, काभ्रेपलाञ्चोक, सिरहा, सिन्धुलीमा चार गुणा बढी कैदीबन्दी रहेको बताए। सल्यानमा चार गुणा बढी कैदीबन्दी राखिएको बताए।

गृहमन्त्री लेखकले सबै कारागारमा कारागार स्वास्थ्य चौकी रहेको बताए । स्वास्थ्यको दरबन्दी पनि रहेको बताए। सबै कारागारमा बिरामीको चाप उच्च रहेको बताए। मानसिक रोगीको संख्या पनि बढ्दै गएको बताए। कैदीबन्दीको स्वास्थ्योपचारका लागि विनियोजित बजेट न्युन रहेको बताए। बन्दीहरूको स्वास्थ्य बीमा पनि गर्न शुरु गरिएको बताए । प्यारोलमा बन्दी छोड्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइएको गृहमन्त्री लेखकले बताए । हालसम्म २ हजार ७५ जनालाई प्यारोलमा राख्न सिफारिस गरिएको छ। गृहमन्त्रीकाअनुसार प्यारोल एउटा विशेष व्यवस्था हो । यसमा कारागारमै नबसीकन राज्य, प्रहरी प्रशासनको नियन्त्रणमा घरमा बस्ने र आवधिक रुपले तारिक जस्तो हाजिर दिने र म उपस्थित छु भन्ने स्थिति हुन्छ।

प्यारोलले थोरै भएपनि संख्या घटेको छ। २ हजार ७५ पछिल्लो समय छुट्दा केही संख्या कम भएको बताए। नेपालमा भक्तपुर, मकवानपुर, विराटनगर, वीरगञ्ज, रुपन्देही, कास्की, बाँके र डोटीमा गरी ८ जिल्लामा ९ वटा बाल सुधार गृह रहेका छन्। २०८२ को असार मसान्तसम्म बालविजयीकर्ताको संख्या थुनुवामा बालक ५ सय ७३ छन् भने बालिका २१ जना रहेका छन्। ५ सय ९४ थुनुवा रहेका छन्। कैदी बालक ७ सय ६३ र बालिका १७ जना गरी जम्मा ७ सय ८० रहेका छन्। कुल बालक र बालिकाको संख्या बालक १ हजार ३ सय ३६ र बालिका ३८ गरी १ हजार ३ सय ७४ बालबालिका कैदीबन्दीका रुपमा रहेको गृहमन्त्री लेखकले बताए। उनकाअनुसार ७ हजार बन्दीहरूलाई उत्पादनमुलक काममा लगाइएको छ।

दमकको सार्वजनिक...

त्यसमाथि अनुसन्धान गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पुरीसहित १७२ जनालाई प्रतिवादी बनाएर एक पटक र १८७ अर्कोपटक मुद्दा दायर गरेको थियो ।

'यस मुद्दामा दुई वटा छुट्टाछुट्टै मुद्दाहरू आएका थिए । कतिपय प्रतिवादीहरू दुइटै मुद्दामा दोहोरिएका छन्,' विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले भने, 'आज दुवैको एकसाथ फैसला भयो ।' र विशेष अदालतले उनलाई दुवै मुद्दामा दोषी ठहर गरेको हो। दोषी ठहर गर्दै पुरीलाई एक वर्ष कैद र बिगो अनुसार दामासाहीले उनको भागमा पर्ने २० लाख ८३ हजार ६७१ रुपैयाँ जरिवाना गरेको छ। अर्को मुद्दामा एक वर्ष कैद र ३१ लाख ५२ हजार ५५९ रुपैयाँ जरिवाना तोकेको छ। त्यस्तै, नापी कार्यालयका कर्मचारीहरूलाई पनि अदालतले दोषी ठहर गरेको छ। विशेष अदालतले सीताराम यादवलाई एक वर्ष कैद र १८ लाख ७४ हजार ३९८ रुपैयाँ जरिवाना तोकेको छ। विन्देश्वर पंजियारलाई एक वर्ष कैद र १८ लाख ९ हजार ९५८ रुपैयाँ जरिवाना, रामदेव मण्डल धानुकलाई ६ महिना कैद र २ लाख ६५ हजार ५५४ रुपैयाँ जरिवाना, ललितकुमार मण्डललाई तीन महिना कैद र ५८ हजार ७२५ रुपैयाँ जरिवाना तोकेको छ। रूद्रप्रसाद श्रेष्ठ ६ महिना कैद र ३ लाख १६ हजा ७७१ रुपैयाँ जरिवाना, रामकुमार दासलाई तीन महिना र एक लाख २ हजार ९७९ रुपैयाँ जरिवाना, गणेशकुमार धिमाललाई एक वर्ष र ९ लाख ८३ हजार ८१२ रुपैयाँ र विष्णुदेव यादवलाई तीन महिना कैद र १८ हजार ३४४ रुपैयाँ जरिवाना तोकेको छ।

कर्मचारीतर्फ अर्को मुद्दामा सीतारामलाई एक वर्ष कैद र २५ लाख ८४४ रुपैयाँ, विन्देश्वरलाई एक वर्ष ३१ लाख ८ हजार १२४ रुपैयाँ, जगदिशप्रसाद यादवको हकमा तीन महिना कैद ३० हजार ९९४ रुपैयाँ, गणेश कुमारलाई ६ महिना कैद र ६ लाख ३२ हजार ३२६, रामदेव धानुकलाई तीन महिना कैद २५ हजार १५५, विनोद कुमारलाई ६ महिना कैद र ४ लाख ७८ हजार ३१३ रुपैयाँ, मिनबहादुर प्रधानलाई तीन महिना कैद र १८ हजार २८९ र विष्णुकुमार न्यौपानेलाई तीन महिना कैद र २ हजार ८९ रुपैयाँ जरिवाना गरेको छ। तत्कालीन प्रमुख नापी अधिकृत शशीकान्त झालाई पनि दोषी ठहर गरेको छ। तर उनको मृत्यु भइसकेकाले केही गर्न नपरेको पनि फैसलामा उल्लेख छ। निजीकरण गरिएका ती जग्गालाई भने जफत गर्ने ठहर गरेको छ।

ट्रम्प र पुटिनवार्ताअघि जेलेन्स्की र युरोपेली नेताले अनलाइन शिखर सम्मेलन गर्ने

बर्लिन (रासस/एएफपी) । युरोपेली नेता तथा युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग शुक्रबार अनलाइन वार्ता गर्ने भएका छन्।

अलास्कामा राष्ट्रपति ट्रम्पले रुसी समकक्षी भ्लादिमिर पुटिनसँग युक्रेनको युद्धबारे छलफल गर्दा किएभको हितलाई सम्मान गर्न सहमत गराउने प्रयासका लागि युरोपेली नेताहरूले अनलाइन वार्ता गर्ने निर्णय गरेका बताइएको छ। जर्मन चान्सलर फ्रेडरिक मर्जका अनुसार जेलेन्स्की जर्मनीमा आयोजना हुने भिडियो कन्फरेन्समा सहभागी हुन बर्लिन जाने छन् । मर्जले फ्रान्सेली, बेलायती र अन्य युरोपेली नेता तथा इयू र नेटोका प्रमुखलाई पनि वार्तामा भाग लिन आमन्त्रण गरेका छन् । त्यसपछि उनीहरूले ट्रम्प र उपराष्ट्रपति जेडी भान्ससँग दोस्रो चरणमा 'कन्फरेन्स कल'मा कुरा गर्ने अपेक्षा गरिएको छ। ट्रम्प र पुटिनबीच शुक्रबार हुने भेटवार्ता जेलेन्स्कीबिना नै हुने बताइएको छ । यसले किएभलाई भूमिलगायत पीडादायी सहुलियतमा बाध्य पार्नसक्ने डरलाई बढावा दिएको छ। युरोपेली सङ्घका नेताहरूले मङ्गलबार 'युक्रेनको आफ्नो भाग्य आफै रोज्ने अन्तर्निहित अधिकार' मा जोड दिँदै भने, "अन्तर्राष्ट्रिय सीमाहरू बलपूर्वक परिवर्तन गर्नु हुँदैन।" जेलेन्स्कीले मङ्गलबार पत्रकारहरूसँग कुरा गर्दै मस्कोले दाबी गरेको डोनबास क्षेत्रबाट सेना फिर्ता लिन अस्वीकार गरे । जर्मन चान्सलर मर्जको कार्यालयले कन्फरेन्स कलमा 'रूसमाथि दबाब सिर्जना गर्न थप विकल्प' र 'सम्भावित शान्ति वार्ताको तयारी र क्षेत्रीय दाबी र सुरक्षाका सम्बन्धित मुद्दा' बारे छलफल गर्ने बताएको छ। वार्तामा फिनल्यान्ड, फ्रान्स, बेलायत, इटाली, पोल्याण्ड, युक्रेनका नेता, युरोपेली आयोग र परिषद्का प्रमुख, नेटोका महासचिव, अमेरिकी राष्ट्रपति र उपराष्ट्रपति सहभागी हुने बर्लिनले जनाएको छ। बेलायती प्रधानमन्त्री केइर स्टार्मर, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँ र मर्जले युक्रेनका सैन्य समर्थकहरूको इच्छाको तथाकथित गठबन्धनको एक चरणको वार्ता पनि यति नै बेला गर्नेछन्। सोमबार अलास्कामा सफलताको सम्भावनालाई नकारे पनि पुटिनसँग 'रचनात्मक कुराकानी'को अपेक्षा अमेरिकी राष्ट्रपति ट्रम्पले गरेका छन् ।

Rawa Energy Development Ltd.
रावा इनर्जि डेभलपमेन्ट लिमिटेड

का.म.पा-१०, काठमाण्डौं

(आयोजनाको नाम: **माथिल्लो रावा खोला साना जलविद्युत आयोजना-३ मे.वा.**)

वेव साईट: https: rawaenergy.com.np, इमेल: rawa.hydro@gmail.com

Unaudited Financial Reports (Quarterly)

As on Fourth Quarter End of Fiscal Year 2081/82

Statement of Financial Position *(figures in NPR)*

Particulars	Quarter Ending Ashadh 2082 (Unaudited)	Previous Quarter Ending Chaitra 2081 (Unaudited)	Corresponding Quarter Ending Ashadh 2081
Assets			
Non-Current Assets			
Property, plant and equipment	631388059	636903155	629428993
Total Non-Current Assets	**631388059**	**636903155**	**629428993**
Current Assets			
Trade Receivables	9997368	4980608	7431014
Cash and cash equivalents	205129	205347	187749
Loans and Advances	20719635	18556085	16169650
Other Assets	248360	1113922	24971159
Total Current Assets	**31170492**	**24855962**	**48759572**
Total Assets	**662558551**	**661759117**	**678188565**
Equity and Liabilities			
Equity			
Equity share capital	280000000	280000000	280000000
Retained Earnings	(69011727)	(73305514)	(72797372)
Total Equity	**210988273**	**206694486**	**207202628**
Liabilities			
Non-Current Liabilities			
Long Term Borrowing	383445000	388827998	443863000
Other Non-Current Liabilities	2626867	2634787	443863000
Total Non-Current Liabilities	**386071867**	**391462785**	
Current Liabilities			
Short Term Loan And Borrowing	40620502	41570502	2400000
Trade Payables	2722121	2722378	1405249
Other Current Liabilities	22155788	19308966	23317688
Total Current Liabilities	**65498411**	**63601846**	**27122937**
Total Liabilities	**451570278**	**455064631**	**470985937**
Total Equity and Liabilities	**662558551**	**661759117**	**678188565**

Statement of Profit or Loss

Particulars	From Shrawan 2081 to Ashad 2082 (Unaudited)	Previous Quarter Ending Chaitra 2081(Unaudited)	Corresponding Quarter Ending Ashad 2081
Revenue from sale of Electricity	96754901	73596826	17178648
Other Income (Insurance Claim)	-	-	-
Cost of sales	12946804	9338782	2351899
Gross Profit	**83808097**	**64258044**	**14826749**
Depreciation & Amortization	24085937	18224498	5865130
Employee Benefits Costs	5799014	4457647	1773700
Administrative and Other Operating Expenses	1627989	1302552	1621041
Profit from operation	**52295157**	**40273347**	**5566878**
Finance Costs	34017822	26289799	10221122
Profit Before Tax	**18277335**	**13983548**	**(4654244)**
Income tax Expense			
Current Tax			
Deferred Tax			
Profit for the Year	**18277335**	**13983548**	**(4654244)**
Total comprehensive gain/ (loss) for the year, net of tax	**18277335**	**13983548**	**(4654244)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम १ संग सम्बन्धित अनुसूची १४

आ.व. २०८१/८२ को चौथो त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण:

(क) आ.व.२०८१/८२ को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरु यसैसाथ संलग्न गरिएको छ ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय विवरणहरु :

प्रति शेयर आम्दानी	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तीको मूल्य
रु. ६.५३	रु.७५.३५	रु.२३६.६३

२. व्यवस्थापकिय विश्लेषण:

(क) प्रस्तुत अवधिमा आयोजना पूर्ण क्षमतामा संचालन भएतापनि बिद्युत पशारण लाइन र नेपाल बिद्युत प्राधिकरणको ग्रिडमा बारम्बार आउने अवरोधका कारण अपेक्षित आयमा केही कमी आएको छ ।

३. कानूनी कार्यवाहि सम्बन्धी विवरण:

यस अवधिमा कम्पनीले कसैको बिरुद्धमा मुद्दा दायर नगरेको र कम्पनी बिरुद्धमा पनि कसैले मुद्दा दायर गरेको जानकारी हालसम्म प्राप्त भएको छैन ।

४. कम्पनीको शेयर कारोवार सम्बन्धी विवरण:

अधिकतम मूल्य	न्यूनतम मूल्य	समिक्षा अवधिको शुरु मूल्य	समिक्षा अवधिको अन्तिम मूल्य	कारोवार भएको कूल दिन
रु.८८०.६०	रु.७७६.२६	रु.७९६.०२	रु. ८७७.७५	६३
कूल कारोवार भएको शेयर संख्या			**कूल कारोवार भएको रकम रु.**	
२,२४,७८६			१८,६१,५२,३६७	

५. समस्या तथा चुनौती:

- दक्ष जनशक्तिको अभाव तथा अल्प समयमा नै पलायन हुने गरेको अवस्था ।
- बिद्युतिय उपकरणमा आउने समस्या ।
- नेपाल बिद्युत प्राधिकरणको बिद्युत प्रशारण लाइनमा बारम्बार आउने अवरोध ।
- जलवायु परिवर्तनको कारणले उत्पन्न हुनसक्ने अतिबृष्टि अनाबृष्टि ।

६. संस्थागत सुशासन:

कम्पनीले संस्थागत सुशासनलाइ सदैव उच्च प्राथमिकतामा राख्दै संस्थागत सुशासन सम्बन्धी निर्देशनहरुको पालना गर्दै आएको छ ।

७. सत्य तथ्य सम्बन्धमा अध्यक्षको उद्घोष:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेख भएका जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाइ सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशीत मिति: २०८२-०४-२९

यस मनहरी गाउँपालिका अन्तर्गत विभिन्न आयोजनाहरुको खरिद कार्यको लागी मिति २०८२-०३-१७ गते प्रकाशित सूचना अनुसार समय सीमा भित्र दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी न्युनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भनि स्वीकृतको लागी सिफारिस भए अनुसार तपशीलको सिलबन्दी बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागी छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजीम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	छनौट भएका बोलपत्रदाताको नाम	कामको विवरण	कबोल अंक (मु.अ.क. बाहेक)
1.	PRO/NCB/ MAN-18/081-82	New Anand Trade House Pvt. Ltd., Biratnagar-6, Morang	Procurement, supply and delivery of GYM equipment for GYM CLUB at Manahari-07	23,78,645.00

प्रमुख प्रशासकीय अधिकृत